## नरिसाउनुस् है...

शंकर खरेल
nsdainik@gmail.com



# ज्यूँदै मर्नु पर्दा...




'आजतक' जस्तो टीआरपी अत्यधिक र भारत वर्षमा सर्वाधिक हेरिने च्यानलको समाचारलाई कसोरी विश्वास गर्नु ? मूलधारका भारतीय सबैजसो च्यानलले हावादारी समाचार दिंदा रहेछन् भन्ने पुष्टि नायक धर्मेन्द्रका हकमा देखियो ।

यसपटक धर्मेन्द्र ज्यूँदै मर्नु पऱ्यो । धर्मेन्द्रले आफु मरेको समाचार सम्भवतः अस्पतालमै हेरेको कुरा आयो । उनी छक्क परे होलान् । भारतीय गोदी मिडियाको हर्कत यसपटक आमजनमानसमा छताछुल्ल भयो । यी च्यानललाई कसोरी विश्वास गर्ने ? भारतमा यतिबेला व्यापक प्रश्न उठेको छ ।

अनि समाचारकै आधारमा कागले कान लग्यो भन्दा कान नसमातिकन कागको पछि दगुर्ने सत्ताका शक्तिशाली व्यक्तिहरू पनि आलोचित भएका छन् । रक्षामन्त्री राजनाथ सिंह चिप्लिए । उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले श्रद्धाञ्जली अर्पण गरे ।

यो कुरा सोसल मिडियामा आएको भए खास्सै महत्व हुने थिएन किनभने सोसल मिडियामा जे पनि आउँछ । यसअघि पनि नमरेका अरविन्द द्विवेदी (रामायणका रावण) लाई धेरैपटक सोसल मिडियाले माऱ्यो । अरसानीलाई पनि मारेकै हो जीवित छँदै ।

पीडाको यो बोधमा किन यतिधेरै लारवाह मिडिया ? प्रश्न उठेको छ । मैले यसै स्तम्भमा धेरैपटक लेखेको छु जीवितलाई मार्ने मिडिया भनेर । नेपालमै पनि सोसल मिडियामा धेरैपटक रामचन्द्र अधिकारी नामक कलाकारलाई मारेको देखियो । मानवीय मूल्य र मान्यता किन यतिधेरै स्खलन भएको हो ?

संचार माध्यमप्रति आम जनताको विश्वास हुन्छ, भरोसा बाँधिएको हुन्छ । मिडियाले दिएको समाचारका आधारमा दैनिकी चलाउनेमात्र होइन योजना बनाउने काम पनि हुन्छ । तर, मिडियाले यसरी नै गल्ती गरे भने विश्वास कसको गर्ने ? अझ मृत्यु जस्तो शोकको समाचारलाई टीआरपी बढाउन र हचुवाका भरमा पेश गरिन्छ भने अरु समाचारलाई सहजै कसोरी विश्वास गर्ने ?

मलाई एक मित्रले एक दिन भारतीय च्यानलका बारेमा भनेका थिए, 'भारतीय च्यानल हेऱ्यो कि मेरो त प्रेसर हाई हुन्छ, होइन के सारो कराएको ? उफ्रिएको ? घटनाक्रमलाई सामान्य तरिकाले पनि त भन्न सकिन्छ, किन यतिधेरै आक्रामक भएको होला ? साँच्चै भन्ने हो भने खरो र आक्रामक प्रस्तुतिकरण कै कारण म भारतीय न्यूज च्यानल नै हेर्दिनँ ।'

'अब तक की बडी खबर सामने आया है...' भन्दै सुरु गरिने समाचारले वास्तवमै सातो लिन्छ । संसार नै थिच्न लागेको हो कि भन्ने भान गराउँछ । भगवान साक्षात पृथ्वी लोकमा प्रकट भए कि क्या हो भन्ने गराउँछ । समाचार बिकाउने यो शैली घातक त छ नै निन्दनीय के छ भने नमरेकालाई मार्न थाले मिडियाले ।

हो, गल्ती मान्छेबाट हुन्छ, पुष्टि नगरिकन कतिपय विश्वासका आधारमा समाचार दिइन्छ । तर, समाचारमा सूत्र नै बलियो आधार होइन, कसैको मृत्यु पुष्टि गर्ने माध्यम परिवारका सदस्य वा अस्पतालका चिकित्सक हुन् । मान्छे मरेको हुँदैन भारतीय मिडियामा बायोग्राफी तयार भइसकेको हुन्छ ।

यसपटक धर्मेन्द्रका हकमा यस्तै भयो । मैले धर्मेन्द्रको मृत्युको खबर बाहिर आएपछि भारतीय विभिन्न अनलाइन साइट सर्च गरे । अधिकांशले स्टोरी पस्किरहेका थिए । धर्मेन्द्र यस्ता थिए, यति फिल्म खेले, धनसम्पत्ति यति छ, परिवारको अवस्था यस्तो छ, यसरी दुःख गरेर सिने क्षेत्रमा आएका हुन मात्र होइन अन्य कलाकारलाई श्रद्धाञ्जली अर्पण गर्न लगाएर पनि फसाउने काम भएको देखियो ।

एक दशकयता संचारमाध्यम प्रति विश्वास कमजोर देखिन थालेको छ । पत्रकारिता के हो र पत्रकार को हो ? स्पष्टता छैन । एउटा मोबाइल बोक्ने पनि पत्रकार हुन पाउँछ । उसले पनि घटनाक्रमलाई पस्कन्छ । तर, व्यवसायिक तरिकाले संचालन भएका चर्चित मिडिया नै मृत्युको खबरलाई सतही रुपमा दिन्छन भने प्रश्न आम बन्नु स्वाभाविक नै हो । मलाई त अचम्म के लागेको छ भने आफ्नो मृत्युको खबर ८९ वर्षिय धर्मेन्द्रले सुनेर, हेरेर कस्तो अनुभव भयो होला ? धन्य भारतीय गोदी मिडिया तिमीहरूको चर्तिकला...।

पत्रकारिता क्षेत्रकै बेइज्जत गर्ने काम गऱ्यौ । भारतमा मात्र होइन नेपाल र अन्य धेरै देशमा यो घटनाक्रमले संचारमाध्यमको समाचारमा प्रश्न उठाउने जनमानसको क्याराभान देखियो ।

# बुढानिलकण्ठ स्कुलमा वार्षिक पुरस्कार वितरण




**न्यू सृष्टि दैनिक**
**विराटनगर**

बुढानिलकण्ठ अंग्रेजी माविमा वार्षिक पुरस्कार वितरण कार्यक्रम गरिएको छ ।

कार्यक्रममा गत शैक्षिकसत्र ०८१ को हरेक कक्षाबाट प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीका साथै वर्षभर साप्ताहिक खेलकुदमा तथा सह-शिक्षण कार्यक्रममा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पनि पुरस्कार तथा प्रसंसापत्र वितरण गरिएको थियो ।

शैक्षिक पुरस्कारतर्फ शैक्षिकसत्र ०८१ का लागि कक्षा नर्सरीदेखि यूकेजी सम्मकै उच्चतम अंक ल्याउने छात्रा रिया राजवंशीलाई नगद ३ हजार, कक्षा-१ देखि ५ सम्मको उच्चतम अंक ल्याउने निहाना भट्टराईलाई ४ हजार, कक्षा-६ देखि ८ सम्मको उच्चतम अंक ल्याउने अनुभव पौडेललाई ६ हजार र कक्षा-९ मा उच्चतम् अंक ल्याउने किसन अग्रवाललाई विद्यालयका संस्थापक खगेन्द्र पाण्डे र ज्ञानु पाण्डेका तर्फबाट फाउन्डर्स अवार्ड १०१०५ रुपैयाँ प्रिन्सिपल मणीराज भट्टराई र अध्यक्ष बुद्धिबहादुर प्रधानले प्रदान गरे ।

स्कुलमा हरेक कक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई मासिक शुल्कमा क्रमशः ७५५, ५०५ र २५५ छुट दिइन्छ ।

# छन्दवाटिकाद्वारा रचना वाचन र परिचर्चा

**न्यू सृष्टि दैनिक**
**विराटनगर**

महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११७ औं जन्मजयन्तीका अवसर पारेर छन्दवाटिका विराटनगरले माल्यार्पण, रचना वाचन तथा परिचर्चा कार्यक्रम गरेको छ ।

विराटनगर-१२ पाञ्चालीस्थित देवकोटा स्मारकमा रहेको सालिकमा माल्यार्पण गर्दै सुरु भएको कार्यक्रममा साहित्यकार विवश पोखरेल, प्रा.डा. हरिहर भण्डारी र कविराज न्यौपानेले महाकवि देवकोटाका विषयमा परिचर्चा गरेका थिए ।

छन्दवाटिकाका अध्यक्ष हरि कट्टेलको अध्यक्षतामा भएको कार्यक्रममा प्राज्ञ गंगा सुवेदी, प्रा.डा मेदिनीप्रसाद शर्मा नेपाल, प्रा.डा मिनराज, डा. देवी पन्थी, अध्यक्ष बाबुराम पोखरेल, दिनेश श्रेष्ठ, प्रा.खेम नेपाली, मीनराज ढकाल, वडा नम्बर १२ का कार्यवाहक अध्यक्ष कुशेश्वर राजवंशीलगायतले महाकवि देवकोटाले नेपाली भाषा, साहित्यका क्षेत्रमा पुन्यएको योगदानको चर्चा गरे ।

कार्यक्रममा लक्ष्मण नेवटिया, शिवनारायण पण्डित सिंगल, भरत गुरागाईं, गोपाल निर्भीक, पुष्पा सायरा, बाबुराम पोखरेल, रोहिणी रसिक, भागिरथा पौडेल, अम्विका खरेल, उप्रेती, भवानीप्रसाद पोखरेल, मीनकुमार नवोदित, सुजाता राई, राधिका गुरागाईं, शारदा भट्टराईले सिर्जना प्रस्तुत गरे ।

पुण्यप्रसाद दाहाल, शारदा कार्की, कविता चापागाईं, शैलेश घिमिरे, प्रिन्स प्रमोद ढकाल, अच्युतमणि पौडेल, रुद्रप्रसाद सुवेदी, उमानाथ भट्टराई 'अचल', रामसुन्दर राजवंशी, सविना श्रेष्ठलगायतले देवकोटासँग सम्बन्धित कविता, मुक्तक तथा गजल वाचन गरे ।

## क्लीक ! क्लीक !!



**कलाको सम्मान :** भारतको उत्तर प्रदेश अयोध्यामा भारतीय चर्चित गायिका लता मंगसेकरको नाममा लता चौक नामाकरण गरिएको छ र, विणाको मुर्ती बनाएर उनीप्रति श्रद्धा गरिएको छ। नेपालमा कलाको सम्मान यसरी भएको देखिन्न । कला र संस्कृतिको जगेर्ना गर्नेभन्दा राजनीतिमा लागेकाको सालिक बनाउने होडबाजी देखिन्छ । विश्वविद्यालय, अस्पताल, चौकगल्लीको नामसमेत राजनीति धारबाट प्रेरित छ। कलाको सम्मान नै छैन।

# विराटनगरबाट कटहरी सऱ्यो प्रदेश संसद

**न्यू सृष्टि दैनिक**
**विराटनगर**

विराटनगर महानगरपालिकासित वीरेन्द्र सभागृह भाडामा कुरा नमिलेपछि कोशी प्रदेश सरकारले प्रदेश संसद कटहरी पुऱ्याएको छ । तत्कालिन मुख्यमन्त्री शेरधन राईको पालामा तरकारी तथा थोक बजारका रुपमा बनाइएको भवनमा संसद राखिएको छ ।

जेन्जी आन्दोलनका क्रममा तोडफोड, आगजनीबाट प्रदेश सभा प्रयोग गर्न नमिल्ने भएको थियो । कृषि बजार सोचेजस्तो संचालनमा आउन सकेको थिएन ।

सभामुख अम्बरबहादुर विष्टको अध्यक्षतामा बसेको सचिवालय व्यवस्थापन तथा सञ्चालन समितिको बैठकले कृषि बजारमा संसद सार्ने निर्णय अनुमोदन गरेको हो ।

प्रदेश सरकारले वीरेन्द्र सभागृहका हकमा विराटनगर महानगरपालिकाले असहयोग गरेको आरोप र गुनासो गरे पनि त्यो सही भने होइन । महानगर सूत्रका अनुसार अनुदान सहयोगमा मर्मत भएको सभागृहका लागि प्रदेश सरकारले लिखित रुपमा कुनै प्रस्ताव नै पेश गरेको थिएन ।

'सभागृह मर्मत गर्दा लिइएको ऋण रकमको किस्ता र ब्याज बुझाउनु पर्छ, यसैकै आधारमा भाडा लगाउने कुरासम्म भएको हो, नदिने भनिएको थिएन' एक जनप्रतिनिधिले भने, 'तर, प्रदेश सरकारले एकपक्षीय रुपमा कृषि बजार लग्ने कुरा गर्नुभयो ।' एमालेको एउटा समूह कांग्रेसका केही सांसदसित राजधानी नै सार्नेसम्मको छलफल चलाएका थिए ।

# गाँजा फडानी गरी नष्ट

**न्यू सृष्टि दैनिक**
**विराटनगर**

भोजपुर र धनकुटाका विभिन्न स्थानमा प्रकृतिक रुपमा आफै उम्रिएका तथा रोपिएका गाँजाको बोट तथा बिरुवा फडानी गरी नष्ट गरिएको छ ।

भोजपुरका विभिन्न स्थानमा इप्रका घोडेटार, बोयाङ, प्रहरी चौकी हसनपुर र अस्थायी प्रहरी चौकी दुम्मानाबाट खटिएको टोलीले करिव ९ रोपनी क्षेत्रफलमा लगाएका ११ सय गाँजाको बोट तथा बिरुवा फडानी गरि नष्ट गरेको छ ।

उता, धनकुटाको इप्रका राजारानी र अस्थायी प्रहरी पोष्ट मौनाबुधुकले चौबिसे-५ स्थित डाँडापाखाको २.५ रोपनी क्षेत्रफलमा रहेको ५४५ बोट तथा बिरुवा फडानी गरी नष्ट गरेको छ । यसअघि पनि प्रहरीले दुबै जिल्लाबाट हजारभन्दा बढी बोट नष्ट गरेको थियो ।

धनकुटा र भोजपुर गाँजा उत्पादनमा पछिल्लो समय चिनिदै आएको छ र, त्यहाँ उत्पादन भएको गाँजा भारतमा तस्करी हुने गरेको छ ।

**समयमै बसाइँसराइ दर्ता गरौं।**
**बसाइँ सरेर जाँदा चाहिने कागजातहरु:**
- लगत हस्तान्तरण फाराम,
- बसाइँसराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्षभन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र,
- बसाइँसराइ गर्नेको सबै प्रकारका व्यक्तिगत घटनाको दर्ता प्रमाणपत्र,
- बाबु वेपत्ता वा ठेगान थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन।

**बसाइँ सरेर आउँदा चाहिने कागजातहरु:**
- लगत हस्तान्तरण फाराम,
- सूचकको नागरिकता।

**सम्बन्धित स्थानीय तहमा ३५ दिनभित्र बसाइँ सराइको दर्ता गरौं**

नेपाल सरकार
विज्ञापन बोर्ड

चौविसे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
राजारानी, धनकुटा
कोशी प्रदेश, नेपाल

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०७/२८)

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०८२/०८३ को विनियोजित बजेट अनुसारको तोकिएका विकास योजनाहरु (वस्तु तथा सेवा) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम खरिद गरी कार्यान्वयन गर्नुपर्ने भएकोले सूचीकृत फर्महरुलाई ७ दिनभित्र प्रस्ताव पेश गर्नहुन अनुरोध छ।

**पुनश्च : विकास योजनाको सूची र प्रस्ताव फारमको (Soft/Hard Copy) योजना शाखाबाट उपलब्ध हुनेछ।**

**गोल्ड सिल्भर मार्ट**
राठीको सुन पसल
ठाकुरवाडीरोड, रामजानकीपथ
हिजो सुनचाँदीको भाउ



| | | |
|---|---|---|
| छापावाला सुन | :- | २,५०,७००।- |
| तेजाबी सुन | :- | २,५०,२००।- |
| चाँदी | :- | ३,३६०।- |

शिवरतन आसकरण राठी
नोटः हाम्रो कुनै शाखा छैन (फोन : ०२१५७०८५६)
अर्डर बमोजिम सुन चाँदीका गरगहना बनाउनका साथै तयारी गरगहना पनि विक्री गरिन्छ ।

**ॐ शान्ति ज्वेलर्स**
विराटनगर
यहाँ आधुनिक सुन चाँदीका आकर्षक गहना बनाइनुका साथै सस्तो र सुलभ मुल्यमा उपलव्ध छ ।
**प्रो. महेश कुमार साह (स्वर्णकार)**
सम्पर्क नं. ९८१४३१८२७७, ९८०७००२८२०

## नेपाल रेडक्रस सोसाइटी
### मोरङ जिल्ला शाखा

**फल्स सिलिङ्ग निर्माणका लागि ७ दिने शिलबन्दी कोटेशन आह्वानको सूचना**

प्रथम पटक प्रकाशन मिति : २०८२/०७/२८ गते

नेपाल रेडक्रस सोसाइटी मोरङ जिल्ला शाखाबाट संचालित REDi कार्यक्रमबाट जहदा गाउँपालिका वडा नं. १ स्थित श्री बुद्धेश्वरी माध्यामिक विद्यालय बुद्धनगरमा फल्स सिलिङ्ग निर्माण (विस्तृत विवरण सहितको शिलबन्दी कोटेशन फाराममा उल्लेख भए अनुसार) गर्नु पर्ने भएकोले ७ दिने शिलबन्दी कोटेशन आव्हानको सुचना प्रकाशन गरिएको छ। नेपाल सरकारबाट स्वीकृत प्राप्त फर्महरुले आफ्नो मुल्य अभिबृद्धि करको प्रमाण पत्रको प्रतिलिपि सहित सम्बन्धित निकायमा दर्ता भएका प्रमाण-पत्रका प्रतिलिपिहरु र आ.ब. २०८१/०८२ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न राखी निम्न शर्तहरुको अधिनमा रहि नेरेसो मोरङ जिल्ला शाखामा शिलबन्दी कोटेशन पेश गर्न इच्छुक सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. सुचना प्रकासित मितिदेखि २०८२/०८/०४ गतेसम्म शिलबन्दी कोटेशन दस्तुर बापत रु.५००।- (फिर्ता नहुने गरी) नगद बुझाई कार्यालय समयभित्र नेरेसो मोरङ शाखाको लेखा शाखाबाट बिस्तृत विवरण सहितको शिलबन्दी कोटेशन फारम प्राप्त गर्न सकिने छ।
२. शिलबन्दी कोटेशन दर्ता मिति २०८२/०८/०५ गते दिउँसो १:०० बजेभित्र दर्ता गरि सक्नु पर्नेछ र दर्ता भएका शिलबन्दी कोटेशनहरु सोहि दिनको दिउँसो ३:०० बजे कोटेशन दाताहरुको रोहवरमा नेरेसो मोरङ जिल्ला शाखामा खोलिने छ। कोटेशन दाताहरुको प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि शिलबन्दी कोटेशन खोल्न कुनै पनि बाधा पर्ने छैन।
३. कोटेशनमा कबोल रकमको अर्नेष्ट मनीबापत २.५ प्रतिशत रकममा नघटने गरी नेरेसो जिल्ला शाखामा नगद जम्मा गरेको नगदी रसिद वा बैक दाखिला भौचर वा बैक जमानीपत्र पेश गर्नु अनिवार्य हुनेछ। बैक जमानी नभएका फर्महरुले निम्न विवरण अनुसारको बैंक खातामा जम्मा गरेको सक्कलप्रति भौचर पेश गर्नु पर्ने छ।
४. शिलबन्दी कोटेशन स्वीकृत भएका फर्मले कम्तीमा कबोल रकमको १० प्रतिशत रकममा नघटने गरि कार्य सम्पादन जमानी (Performance Bond) जम्मा गर्नु पर्नेछ। यस्तो जमानी रकमको हकमा कार्यसम्पादन नहुन्जेलसम्मको लागि म्याद भएको हुनु पर्नेछ।
५. शिलबन्दी कोटेशन फाराम स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमामात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी मोरङ जिल्ला शाखामा सुरक्षित रहनेछ।
६. म्याद नाघि आएको वा रित नपुगेका वा सर्त राखी पेश भएका शिलबन्दी कोटेशनहरुमाथि कुनै कारवाही गरिने छैन।
७. एक ब्यक्ति, फर्म तथा कम्पनीको एकमात्र शिलबन्दी कोटेशन दर्ता गरिनेछ।
८. कोटेशन फाराम खरिद गर्ने वा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन माथि उल्लेखित समयावधिभित्र शिलबन्दी कोटेशन फाराम खरिद तथा दर्ता गर्न सकिनेछ।
९) यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु नेपाल रेडक्रस सोसाइटीको खरिद नियमावली २०७१ (पहिलो संशोधन २०८१) अनुसार हुनेछ।

**धरौटी रकम जम्मा गर्ने बैंक खाताको विवरण:**
**खातावालाको नाम : नेपाल रेडक्रस सोसाइटी मोरङ जिल्ला शाखा**
**बैक : राष्ट्रिय वाणिज्य बैंक देवकोटा चोक, विराटनगर।**
**खाता नं. :** २६१०१००००१११५००१
नोटः थप जानकारी आवश्यक परेमा नेरेसो मोरङ जिल्ला शाखा कार्यालय, विराटनगरको मो.नं.९८५२०५२३५२ वा ९८२५७१०२२५ मा सम्पर्क गर्न सकिने छ।

**अन्स सेफ्टी टैंकी सेवा**
अत्याधुनिक मेसिनद्वारा भित्रदेखि घोलेर झोल, चोक्टा सहितको ढल, सेफ्टी टैंकी हज तथा रिङ सफा गर्नु परेमा छिटो भरपर्दो तथा सस्तो मुल्यमा तपाँइहरुको सेवा गर्न हामी हाजिर छौं । साथै अन्य कुनै किसिमको सफाई गराउनु परेमा सम्पर्क गर्नुहोला।
सुरज मरिक
९८४२४६८९८६, ९८१०४२५५६७
विराटनगर-१,१ जनपथ टोल




**PAHIRAN** Boutique
The Readymade Fashion House
EXCLUSIVE COLLECTION



.KURTI
.KURTI-PANT
.SAARI
.DRESS
.GOWN
.LAHENGA
.BOTTOMS
BIG SALE
मेनरोड, बिराटनगर-७
केके होम डेकॉर छेऊ
M: 98423-30606

पब्लिकेशन्स न्यू सृष्टिद्वारा प्रकाशित तथा हंसबाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि., विराटनगरद्वारा मुद्रित । कार्यालय मेनरोड, विराटनगर-३, फोन : ९८४९७८७२७२, ९८५२०२०७००, इमेलः nsdainik@gmail.com
अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादकः शंकर खरेल